# समुदायमा सरकारी वकील र कानूनी सचेतना कार्यक्रम

## प्रतिवेदन

१. **कार्यक्रमः-** समुदायमा सरकारी वकील र कानूनी सचेतना कार्यक्रम ।

२. **कार्यक्रम संचालन स्थानः-** दुहवी न.पा. वडा नं. ०८, सिमल गाछी, सुनसरी ।

३. **मितिः-** २०८१/०३/०१

४. **कार्यक्रम अवधीः-** ३ घण्टा (विहान ०२:०० देखि ०५:००)

५. **सहभागी संख्याः-** महिला ४६ पुरुष ३८ अन्य x

६. **कार्यक्रमको उद्देश्यः-**

क. सरकारी वकीललाई समुदायमा परिचित गराई सरकारवादी भई चल्ने मुद्दा सम्बन्धी काम कारवाहीमा समुदायको सहयोग प्राप्त गर्ने वातावरण तयार गर्ने ।

ख. सरकारी वकील कार्यालयको संगठनात्मक संरचना र सरकारी वकीलले सम्पादन गर्ने काम कारवाहीको बारेमा समुदायलाई जानकारी गराउने ।

ग. अपराधको सूचना दिने लगायत अपराध पीडितको सहायता र संरक्षण विषयमा समुदायलाई जानकारी गराई सहयोग लिने वातावरण निर्माण गर्ने ।

घ. सरकावादी मुद्दाको अनुसन्धान, अभियोजन, साक्षी प्रमाणको प्रकृयाहरुमा समुदायलाई जानकारी गराई समुदायबाट सहयोग प्राप्त हुने वातावरण निर्माण गर्ने ।

७. **सहकार्य भएको निकाय/संस्थाः-** श्री इलाका प्रहरी कार्यालय दुहवी, श्री सिमल टोल विकास संस्था, संगम टोल विकास संस्था, सयपत्री टोल विकास संस्था, अरिअन्त मल्टीफाईवर्स लि.(जुटमिल),प्रेस नेटवर्क मेनेज्मेन्ट प्रा.लि. ईटहरी, सनविम बोर्डिङ स्कुलका शिक्षक, शिक्षिका, छात्र/छात्राहरु, सर्वसाधारणहरु तथा समाजसेवीहरु।

८. **प्रस्तुत भएका विषयहरु र प्रस्तुतकर्ताः-** प्रकरण ६ मा उल्लेखित उद्देश्यका विषयमा प्रकाश पार्दै विस्तृत रुपमा समुदायमा सरकारी वकील र कानूनी सचेतना विषयक कार्यपत्र प्रस्तुत गर्दै लैङ्गिक हिंसा, बालविवाह, बहुविवाह, जवरजस्ती करणी, मानव वेचबिखन, सवारी दुर्घटनाजस्ता मुद्दाहरुमा मुलुकी अपराध संहिता र अन्य प्रचलित ऐन, कानूनमा भएका व्यवस्थाहरुको बारेमा जिल्ला सरकारी वकील कार्यालय सुनसरीका सहायक जिल्ला न्यायाधिवक्ता श्री खिलराज खतिवडाले विस्तृत रुपमा कार्यक्रम बारेमा प्रकाश पार्नु भयो भने इलाका प्रहरी कार्यालय दुहवी सुनसरीका प्र.नि. मोहन पाखुंग्राले लैङ्गिक अपराध, लागु औषध लगायतका अन्य सरकारवादी फौजदारी मुद्दाहरुको बारेमा थप प्रष्ट पार्नु भएको थियो ।उक्त कार्यक्रमको अध्यक्षता जिल्ला न्यायाधिवक्ता श्री टेकनाथ अधिकारीले गर्नु भएको र कार्यक्रम संचालन जिल्ला सरकारी वकील कार्यालय, सुनसरीका ना.सु. श्री टंकप्रसाद पौडेलले गर्नुभएको थियो ।

९. **छलफलमा उठेका मुख्य-मुख्य विषयहरुः**

क. बालविवाह/बहुविवाहको रोकथाम र कानूनी व्यवस्था बारे ।

ख. समाजमा बढ्दो बलात्कार/जवरजस्ती करणी जस्ता गम्भिर अपराधको अनुसन्धान र रोकथामका प्रयास न्यूनिकरणका उपायका बारेमा ।

Scanned with CamScanner
CamScanner

ग. गाँजा खेती फडानी हुन्छ तर गाँजा खेती लगाउनेलाई सजाय हुन्छ की हुदैन भन्ने जिज्ञासा ।

घ. पीडित तथा प्रतिवादीको उमेर यकिन गर्ने बारेमा जिज्ञासा ।

ङ. बालबालिकालाई हुने सजायको विषयमा जिज्ञासा ।

च. साक्षी संरक्षण विषयमा जिज्ञासा ।

छ. साईबर अपराध विषयमा जिज्ञासा ।

ज. महिला तथा पुरुष हिंसा सम्बन्धी विषयमा जिज्ञासा ।

१०. प्रकरण ९ मा उठेका उल्लेखित जिज्ञासाहरुको विषयमा यस कार्यालयका जिल्ला न्यायाधिवक्ता श्री टेकनाथ अधिकारीले थप प्रष्ट पार्नु भएको थियो ।

११. मुख्य उपलब्धीहरुः-

क. कार्यक्रममा सहभागीहरुले उत्साहसाथ समय अवधी भरी भाग लिएको।

ख. समुदायले आफुले अपराध न्यूनिकरणमा खेल्नु पर्ने भुमिकाका विषयमा स्पष्ट जानकारी पाएको

ग. महिला/बालबालिका/अपांगको कानूनले व्यवस्था गरेका पक्षहरुको बारेमा जानकारी पाउदा खुसी व्यक्त ।

घ. हेलो साक्षी कार्यक्रम र आर्थिक सुविधाले अपराध नियन्त्रणमा परेको न्युनिकरण प्रभाव बारे समुदायमा खुसी व्यक्त ।

ङ. कानूनी राज्यको अवधारणालाई साकार पार्न समाजमा अपराध न्युनिकरण गर्न समुदायमा सरकारी वकील र प्रहरीलाई सहयोग गर्न उत्सुक ।

च. महिला तथा घरेलु हिंसा सम्बन्धी विषयमा विस्तृत रुपमा जानकारी पाएको ।

१२. सहभागीको सुझावः-

क. यस्ता कार्यक्रमहरु जिल्लाका दुरदराजसम्म प्रभावकारी ढंगबाट लैजान र सबै विद्यालयस्तरमा यसै प्रकृतिका कानूनका सचेतना कार्यक्रमहरु संचालन गर्नुपर्ने र समुदायलाई कानूनी चेतनाका बारेमा विकास गरी अपराध न्यूनिकरणमा सहयोग गर्नुपर्ने साथै फेरी पनि यस्तै कार्यक्रम लिएर आउनुहोला भन्ने सल्लाह ।

१३. आयोजकको अनुभव/समस्या/चुनौतीः-

क. पर्याप्त समयको अभाव, आर्थिक स्रोतको अभाव ।

ख. दुर्गम पहाडी दुरदराजसम्म पुग्न उचित यातायातको अभाव ।

१४. आगामी कार्यक्रमका लागि सुझावः-

क. प्रकरण १२ मा उल्लेखित साधन स्रोत/जनशक्तिलाई पर्याप्त बनाउने ।

प्रतिवेदक

खिलराज रानिबत

सहयक जिल्ला न्यायाधिवक्ता

जिल्ला सरकारी वकील कार्यालय, सुनसरी

Scanned with CamScanner

# समुदायमा सरकारी वकील र कानूनी सचेतना कार्यक्रमको
# प्रतिवेदन

१. **कार्यक्रम:-** समुदायमा सरकारी वकील कार्यक्रम ।

२. **कार्यक्रम संचालन स्थान:-** कोशी गाउपालिका, सुनसरी ।

३. **मिति:-** २०८१/०१/२६

४. **कार्यक्रम अवधी:-** ३ घण्टा (विहान ०८:०० देखि ११:००)

५. **सहभागी संख्या:-** ७९ जना (महिला ४९ पुरुष ३० अन्य x)

६. **कार्यक्रमको उद्देश्य:-**

क. सरकारी वकीललाई समुदायमा परिचित गराई सरकारवादी भई चल्ने मुद्दा सम्बन्धी काम कारवाहीमा समुदायको सहयोग प्राप्त गर्ने वातावरण तयार गर्ने ।

ख. सरकारी वकील कार्यालयको संगठनात्मक संरचना र सरकारी वकीलले सम्पादन गर्ने काम कारवाहीको बारेमा समुदायलाई जानकारी गराउने ।

ग. अपराधको सूचना दिने लगायत अपराध पीडितको सहायता र संरक्षण विषयमा समुदायलाई जानकारी गराई सहयोग लिने वातावरण निर्माण गर्ने ।

घ. सरकावादी मुद्दाको अनुसन्धान, अभियोजन, साक्षी प्रमाणको प्रकृयाहरुमा समुदायलाई जानकारी गराई समुदायबाट सहयोग प्राप्त हुने वातावरण निर्माण गर्ने ।

७. **सहकार्य भएको निकाय/संस्था:-** श्री कोशी गाउपालिका, सुनसरीका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, वडा सदस्य, शिक्षक, सामाजिक व्यक्तित्वहरु तथा सर्वसाधारण ।

८. **प्रस्तुत भएका विषयहरु र प्रस्तुतकर्ता:-** प्रकरण ६ मा उल्लेखित उद्देश्यका विषयमा प्रकाश पार्दै विस्तृत रुपमा समुदायमा सरकारी वकील र कानूनी सचेतना विषयक कार्यपत्र प्रस्तुत गर्दै बैंकिङ कसूर, ठगी, बालविवाह, बहुविवाह, जवरजस्ती करणी, मानव बेचबिखन, साईवर अपराध, लागु औषधं मुद्दाहरुमा मुलुकी अपराध संहिता र अन्य प्रचलित ऐन, कानूनमा भएका व्यवस्थाहरुको बारेमा जिल्ला सरकारी वकील कार्यालय सुनसरीका सहायक जिल्ला न्यायाधिवक्ता श्री कृष्ण प्रसाद रिमालले विस्तृत रुपमा कार्यपत्र बारेमा प्रकाश पार्नु भयो भने जिल्ला सरकारी वकील कार्यालय सुनसरीका जिल्ला न्यायाधिवक्ता श्री टेकनाथ अधिकारीले बैंकिङ कसूरका सम्बन्धमा थप प्रष्ट पार्नुभयो । उक्त कार्यक्रम संचालन जिल्ला सरकारी वकील कार्यालय, सुनसरीका सहायक जिल्ला न्यायाधिवक्ता श्री कृष्ण प्रसाद रिमालले गर्नुभएको थियो ।

९. **छलफलमा उठेका मुख्य-मुख्य विषयहरु:**

क. बैंकिङ कसूरको कानूनी व्यवस्था वारे ।

ख. समाजमा बढ्दो चेक बाउन्स, ठगी जस्ता मुद्दाको अनुसन्धान र रोकथामका प्रयास न्यूनिकरणका उपायका वारेमा ।

ग. बालबिवाह/बहुबिवाहको रोकथाम र कानूनी व्यवस्था वारे ।

घ. बालबिवाह/बहुबिवाहको रोकथाम र कानूनी व्यवस्था वारे ।

ङ. समाजमा बढ्दो बलात्कार/जबरजस्ती करणी जस्ता गम्भिर अपराधको अनुसन्धान र रोकथामका प्रयास न्यूनिकरणका उपायका वारेमा ।

च. गाँजा खेती फडानी हुन्छ तर गाँजा खेती लगाउनेलाई सजाय हुन्छ की हुदैन भन्ने जिज्ञासा ।

छ. पीडित तथा प्रतिवादीको उमेर यकिन गर्ने बारेमा जिज्ञासा ।

ज. बालबालिकालाई हुने सजायको विषयमा जिज्ञासा ।

झ. साक्षी संरक्षण विषयमा जिज्ञासा ।

ञ. साईबर-अपराध विषयमा जिज्ञासा ।

ट. महिला तथा पुरुष हिंसा सम्बन्धी विषयमा जिज्ञासा ।

Scanned with CamScanner

१०. प्रकरण ९ मा उठेका उल्लेखित जिज्ञासाहरुको विषयमा यस कार्यालयका सहायक जिल्ला न्यायाधिवक्ता श्री कृष्ण प्रसाद रिमाल, जिल्ला न्यायाधिवक्ता श्री टेकनाथ अधिकारीले थप प्रष्ट पार्नु भएको थियो ।

११. **मुख्य उपलब्धीहरु:-**

क. कार्यक्रममा सहभागीहरुले उत्साहसाथ समय अवधी भरी भाग लिएको ।

ख. समुदायले आफुले अपराध न्यूनिकरणमा खेल्नु पर्ने भुमिकाका विषयमा स्पष्ट जानकारी पाएको ।

ग. महिला/बालबालिका/अपांगको कानूनले व्यवस्था गरेका पक्षहरुको बारेमा जानकारी पाउदा खुसी व्यक्त ।

घ. हेलो साक्षी कार्यक्रम र आर्थिक सुविधाले अपराध नियन्त्रणमा परेको न्युनिकरण प्रभाव बारे समुदायमा खुसी व्यक्त ।

ङ. कानूनी राज्यको अवधारणालाई साकार पार्न समाजमा अपराध न्युनिकरण गर्न समुदायमा सरकारी वकील र प्रहरीलाई सहयोग गर्न उत्सुक ।

च. महिला तथा घरेलु हिंसा सम्बन्धी विषयमा विस्तृत रुपमा जानकारी पाएको ।

१२. **सहभागीको सुझाव:-**

क. यस्ता कार्यक्रमहरु जिल्लाका दुरदराजसम्म प्रभावकारी ढंगबाट लैजान र सबै विद्यालय/कलेजस्तरमा यसै प्रकृतिका कानूनका सचेतना कार्यक्रमहरु संचालन गर्नुपर्ने र समुदायलाई कानूनी चेतनाको बारेमा विकास गरी अपराध न्यूनिकरणमां सहयोग गर्नुपर्ने साथै फेरी पनि यस्तै कार्यक्रम लिएर आउनुहोला भन्ने सल्लाह ।

१३. **आयोजकको अनुभव/समस्या/चुनौती:-**

क. पर्याप्त समयको अभाव, ।

ख. आर्थिक स्रोतको अभाव ।

१४. **आगामी कार्यक्रमका लागि सुझाव:-**

क. प्रकरण १२ मा उल्लेखित साधन स्रोत/जनशक्तिलाई पर्याप्त बनाउने ।

**अन्त्यमा,**

**महान्यायाधिवक्ताको कार्यालयंको बार्षिक कार्यक्रम अन्तर्गत समुदायमा हुने अपराध नियन्त्रण तथा सरकारी वकीलको कार्यसम्पादन सहजताका लागि समुदायको भुमिका जोड्ने पुलको रुपमा यस कार्यक्रमलाई लिएको छ । कलेज स्तरमा यस कार्यक्रम प्रतिको चासो र सक्रियता सकारात्मक पाएको अवस्थामा पर्याप्त स्रोत साधन सहित कार्यक्रम संचालन गर्दा थप उपलब्धीमूलक हुने देखिएको छ ।**

प्रतिवेदक

कृष्ण प्रसाद रिमाल

सहायक जिल्ला न्यायाधिवक्ता

जिल्ला सरकारी वकील कार्यालय, सुनसरी

Scanned with CamScanner